# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, चैत्र ३० गते २०३० साल [ अतिरिक्ताङ्क ८२

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभाग

निजामती सेवा (दशौं संशोधन) नियमावली, २०३०

निजामती सेवा नियमावली, २०२१ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भ :– (१) यी नियमहरूको नाम "निजामती सेवा (दशौं संशोधन) नियमावली, २०३०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको परिच्छेद २ को नियम २ मा संशोधनः– (१) मूल नियमावलीको परिच्छेद २ को नियम २ को प्रतिबन्धात्मक वाक्यांशको नं. २ को सट्टा देहायको नं. २ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२) प्राविधिक सेवा वा पदमा र भूतपूर्व सैनिक वा प्रहरी नियुक्त हुने पदमा नियुक्त गर्दा पैंतालीस वर्ष ननाघेको व्यक्तिलाई नियुक्त गर्न सकिनेछ ।"

(२) मूल नियमावलीको परिच्छेद २ को नियम २ को अन्तमा देहायको स्पष्टीकरण थपिएको छः–

"स्पष्टीकरणः– यस नियमको प्रयोजनको लागि उमेरको हिसाब गर्दा जुन पदमा उम्मेदवार हुने हो सो पदको निमित्त दरखास्त दिन लोक सेवा आयोगबाट तोकिएको अन्तिम मितिमा हुने उमेरबमोजिम हिसाब गरिनेछ ।"

३. मूल नियमावलीको परिच्छेद ३ को नियम ४ मा संशोधनः– मूल नियमावलीको परिच्छेद ३ को नियम ४ को उप-नियम (१) को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छः–

"(झ) खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) मा नपरेका मन्त्रालय, विभाग वा कार्यालयका लागि –

(अ) लोक सेवा आयोगको अध्यक्ष वा सदस्य वा लोक सेवा आयोगले तोकेको अधिकृत– अध्यक्ष

(आ) सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुख– सदस्य

(इ) सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले तोकेको अधिकृत– सदस्य"

४. मूल नियमावलीको परिच्छेद ३ को नियम ५ मा संशोधनः– (१) मूल नियमावलीको परिच्छेद ३ को नियम ५ को उप–नियम (३) को अन्तमा देहायको स्पष्टीकरण थपिएको छः–

"स्पष्टीकरणः– यो नियमावलीबमोजिम पाइने अध्ययन बिदामा बसेको अवधिलाई र ०३०।१२।१३ भन्दा अगावै स्वीकृति लिई असाधारण बिदामा ३ वर्षसम्म बसेको अवधिलाई काम गरेको अवधि मानिनेछ र कार्य सम्पादनसम्बन्धी प्रतिवेदन बापत सामान्य सरह मूल्याङ्कन गरिनेछ तथा भौगोलिक क्षेत्र बापत त्यस्तो अवधि भरको लागि "ङ" वर्ग सरहको अंक दिइनेछ ।"

(२) मूल नियमावलीको परिच्छेद ३ को नियम ५ को उप-नियम (४) को खण्ड (क) को अन्तमा देहायको स्पष्टीकरण थपिएको छ :–

"स्पष्टीकरणः– विदेश स्थित शाही कूटनैतिक नियोग वा अन्य कार्यालयमा काम गर्ने कर्मचारीलाई "ङ" वर्ग सरहको अंक दिइनेछ ।"

(३) मूल नियमावलीको परिच्छेद ३ को नियम ५ को उप-नियम (४) को खण्ड (ख) को अन्तमा देहायको वाक्यांश थपिएको छ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"वैदेशिक तालीमको हकमा प्रमाणपत्रमा तालीमको अवधि नखुलेको भए त्यस्तो तालीमको अवधि ३ महीना वा सोभन्दा बढी हो भन्ने कुरा पुष्टि हुने गरी तालीम प्रबन्ध गर्ने संस्था वा तालीम दिने संस्था वा त्यस्तो तालीममा पठाउने सम्बन्धित मन्त्रालय वा विभागले पत्र लेखी दिएमा वा प्रमाणपत्र दिएमा त्यसको आधारमा प्राप्त तालीमको प्रमाणपत्र बापत अंक दिइनेछ ।"

(४) मूल नियमावलीको परिच्छेद ३ को नियम ५ को उप-नियम (६) को खण्ड (घ)को अन्तमा देहायको स्पष्टीकरण थपिएको छ :–

"स्पष्टीकरण:– विकासको पदमा बहाल रहेको कर्मचारीले सो विकासको सेवा त्यागी लोक सेवा आयोगको खुला प्रतियोगिताको सिफारिशबाट साधारण सेवा शुरू गरेको छ भने त्यस्ता कर्मचारीलाई विकासको सेवा बापत कुनै अंक नदिई लोक सेवा आयोगको सिफारिश बापतको अंक दिइनेछ ।"

५. मूल नियमावलीको परिच्छेद ५ को नियम ७ मा संशोधन:– मूल नियमावलीको परिच्छेद ५ को नियम ७ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छ:–

"(२) अध्ययन बिदा बस्ने कर्मचारीले अध्ययन बिदामा बसुन्जेल पूरा तलब पाउनेछ ।"

६. मूल नियमावलीको परिच्छेद ७क. मा संशोधन:– मूल नियमावलीको परिच्छेद ७क. को सट्टा देहायको परिच्छेद ७क. राखिएको छ :–

परिच्छेद ७क.

विशिष्ट श्रेणीसम्बन्धी विशेष व्यवस्था

७क. १. विशिष्ट श्रेणीको पदमा बहाल रहने अवधि:– (१) नियम ७.१ मा जेसुकै लेखिए पनि विशिष्ट श्रेणीको पदमा ५ वर्ष सेवा गरिसकेका कर्मचारीलाई सरकारी नोकरीबाट अवकाश दिइनेछ ।

तर श्री ५ को सरकारले आवश्यक संझेमा कुनै कर्मचारीलाई २ वर्षको एक पटक र एक वर्षको अर्को पटक गरी २ पटकसम्म विशिष्ट श्रेणीमा बहाल रहने अवधि थप गरी दिन सक्नेछ ।

(२) उप-नियम (१) को तात्पर्यको लागि विशिष्ट श्रेणीमा सेवा गरेको अवधिको गणना गर्दा २०२८ साल वैशाख १ गतेदेखि सो पदमा रहेको अवधिको गणना गरिनेछ र त्यसरी गणना गर्दा विशिष्ट श्रेणीमा पदाधिकार रही अन्य पदमा नियुक्त भएको वा काम गर्न गएको अवधि पनि जोडिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७क. २. श्री ५ को सरकारको मुख्य सचिव र सचिवसम्बन्धी विशेष व्यवस्थाः–

(१) नियम ७.१ मा जेसुकै लेखिए पनि श्री ५ को सरकारको मुख्य सचिव वा सचिव पदमा क्रमशः ३ र ५ वर्ष सेवा गरिसकेका कर्मचारीलाई सरकारी नोकरीबाट अवकाश दिइनेछ ।

तर श्री ५ को सरकारले आवश्यक संझेमा मुख्य सचिवको पदमा काम गर्ने कर्मचारीलाई १ वर्षको एक पटक, सचिव पदमा काम गर्नेलाई २ वर्षको एक पटक र एक वर्षको अर्को पटक गरी दुई पटकसम्म म्याद थप गरिदिन सक्नेछ ।

(२) उप-नियम (१) को तात्पर्यको लागि :–

(क) काम गरेको अवधिको गणना गर्दा २०२५ साल वैशाख १ गतेदेखि सो पदमा अटूट वा पटक पटक रहेको अवधिको गणना गरिनेछ ।

(ख) सचिव भन्नाले जुनसुकै कार्यालयमा काम लगाइएको भए तापनि विशिष्ट श्रेणीको जुनसुकै दर्जानीको सचिव सम्झनु पर्छ ।

७क. ३. अवकाश र निवृत्तभरणः– (१) नियम ७.२ मा जेसुकै लेखिए पनि श्री ५ को सरकारको मुख्य सचिवको पदमा ३ वर्ष वा विशिष्ट श्रेणीको पदमा ५ वर्ष समेत जम्मा १५ वर्ष कूल नोकरी पुगिसकेको कर्मचारीले सरकारी सेवाबाट अवकाश लिन चाहेमा श्री ५ को सरकारले निजलाई स्वेच्छिक अवकाश दिन सक्नेछ ।

(२) नियम ७.४ मा जेसुकै लेखिए पनि उप-नियम (१) बमोजिम स्वेच्छिक अवकाश लिने निजामती कर्मचारीले र नियम ७क. १ (१) र ७क. २(१) बमोजिम अवकाश पाउने कर्मचारीले मुख्य सचिवको पदमा ३ वर्ष वा विशिष्ट श्रेणीको पदमा ५ वर्ष समेत जम्मा १५ वर्ष कूल नोकरी पूरा गरेको भए देहायबमोजिम मासिक निवृत्तभरण पाउनेछ ।

(क) मुख्य सचिव पदमा ३ वर्ष वा विशिष्ट श्रेणीको पदमा ५ वर्ष सेवा गरिसकेको निजामती कर्मचारीले मासिक रू.५००।– का दरले निवृत्तभरण पाउनेछ ।

(ख) दफा (क) बमोजिम ५ वर्षभन्दा पनि बढी अवधि विशिष्ट श्रेणीको पदमा काम गरेको रहेछ भने त्यस्तो काम गरेको प्रत्येक वर्षको निमित्त माथि उल्लेख भएको रू. ५००।- मासिक निवृत्तभरणको अतिरिक्त विशिष्ट श्रेणीको पदमा काम गरेको प्रत्येक वर्षको रू. २५।– थप मासिक निवृत्तभरण पनि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाउनेछ । तर यसरी थप निवृत्तभरण दिंदा कूल निवृत्तभरणको अंक मासिक रू. ६००।– भन्दा बढी हुने छैन ।

७. मूल नियमावलीको परिच्छेद १० को नियम २ मा संशोधन:– मूल नियमावलीको परिच्छेद १० को नियम २ को उप-नियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :–

"(क) महान्यायाधिवक्ताको कार्यालय र सो कार्यालय मातहतका सरकारी वकील कार्यालयहरूका निजामती कर्मचारीको सम्बन्धमा –

| | | | | |
|---|---|---|---|---|
| १. सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालयको सरकारी वकील बाहेकका रा. प.अनं. कर्मचारी | सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता | वरिष्ट सरकारी अधिवक्ता |
| २. सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता कार्यालयको रा.प. अनङ्कित सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता | वरिष्ट सरकारी अधिवक्ता वा महान्यायाधिवक्ताले तोकेको सरकारी अधिवक्ता | वरिष्ट सरकारी अधिवक्ता | महान्यायाधिवक्ता |
| ३. सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ताको कार्यालयको सरकारी वकील बाहेकका राजपत्र अनङ्कित कर्मचारी | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता | महान्यायाधिवक्ताले तोकेको सरकारी अधिवक्ता वा अतिरिक्त सरकारी अधिवक्ता | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता | वरिष्ठ सरकारी अधिवक्ता |
| ४. सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयको राजपत्र अनङ्कित सरकारी वकील | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता | वरिष्ठ सरकारी अधिवक्ता वा महान्यायाधिवक्ताले तोकेको सरकारी अधिवक्ता | वरिष्ठ सरकारी अधिवक्ता | महान्यायाधिवक्ता |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ५. महान्यायाधिवक्ताको कार्यालयका राजपत्र अनङ्कित कर्मचारी | कार्यालय प्रशासन हेर्ने सरकारी अधिवक्ता वा अतिरिक्त सरकारी अधिवक्ता | वरिष्ठ सरकारी अधिवक्ता | वरिष्ठ सरकारी अधिवक्ता | महान्यायाधिवक्ता |
| ६. महान्यायाधिवक्ताका कार्यालयका र सो कार्यालय मातहतका सरकारी वकील कार्यालयको राजपत्राङ्कित कर्मचारी | श्री ५ को सरकार | श्री ५ को सरकार | श्री ५ को सरकार | श्री ५ को सरकार |

आज्ञाले—
विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।